प्रथम अध्यक्षता र भेटगर्ने शिक्षिकाका सन्देशहरू, अक्टोबर २०११

मरमनको पुस्तकका बहुमुल्य प्रतिज्ञाहरू

मरमनको पुस्तक

पुनरूत्थान

प्रार्थनारू

प्रथम अध्यक्षताको सन्देश

प्रथम अध्यक्षताको सन्देश, अक्टोबर २०११

मरमनको पुस्तकका बहुमुल्य प्रतिज्ञाहरू

अध्यक्ष थमस एस् मनसनद्वारा

धेरै वर्ष अगाडि म एक जवान पिताको ओच्छ्यानको छेउमा पुगेँ जो जीवन र मृत्यु बीच सङ्घर्ष गर्दैहुनुहुन्थ्यो । उहाँकी विच्छिप्त श्रीमती र दुई केटाकेटीहरू नजिकै उभिरहेका थिए । उहाँले मेरा हात उहाँको हालमा लिनुभयो र अनुनयविनयको दृष्टिमा भन्नुभयो, “विशप, मलाई थाहा त म मर्नै लागिको छु । म मरेपछि मेरो आत्मालाई के हुन्छ भन्ने कुरा मलाई बताउनुहोस् ।”

स्वर्गीय निर्देशनका लागि मैले मौन प्रार्थना गरेँ र उहाँको छेउकै टेबलमा तीन पुस्तकको एक संयुक्त प्रति देखेँ । मैले पुस्तक लिएँ र त्यसका पृष्टहरू पल्टाएँ । अचानक मैले पत्तालगाएँ कि मेरो तर्फबाट कुनै बिना प्रयाश नै म मरमनको पुस्तकको आल्माको अध्याय ४० मा रोकिएँ । मैले उहाँका लागि यी शब्दहरू पढेँ:

“हेर, देवदूतका माध्यमबाट मलाई यो कुराको जानकारी दिइएको हो, कि तिनीहरू यो भौतिक शरीरबाट … भिन्न हुने बित्तिकै सबै मानिसका आत्माहरू उहाँ परमेश्वरको घरमा लगिन्छन् जसले उहाँलाई जीवन दिनुभयो ।

“अनि … तिनीहरूको आत्मा जो धार्मिक छन् को आत्मा खुशीको राज्यमा स्वीकार गरिनेछ, जसलाई आराम, शान्तिको राज्य प्याराडाइज भनिन्छ, जहाँ तिनीहरूले उनीहरूका सबै समस्याहरू अनि

हेरविचारका कुराहरू र पीडाबाट आराम पाउनेछन्” (आल्मा ४०:११–१२)।

जसै मैले पुनरुत्थानका बारेमा पढ्ने कुरालाई निरन्तरता दिएँ त्यो जवान मानिसको मुहारमा एक प्रकारको चमक र ओठहरूमा मुस्कान आयो। मैले मेरो भेटलाई समापन गर्दा, मैले यो असल परिवारसँग विदाइ मागेँ।

दफनको समयमा मैले त्यसपछि श्रीमती र केटाकेटीलाई देखेँ। म त्यो रातका बारेमा पुनः सोच्छु जब एक जवान मानिसले सत्यका लागि अनुनयविनय गऱ्यो र मरमनको पुस्तकबाट उसको प्रश्नको उत्तर सऱ्यो।

मरमनको पुस्तकबाट यदि हामीले “भूमीका परमेश्वर, जो येशू ख्रीष्ट हुनुहुन्छ को सेवा गऱ्यौँ भने” शान्तिको प्रतिज्ञा सहित स्वतन्त्रता र आशीषहरूको बहुमूल्य प्रतिज्ञा प्राप्त हुन्छ (इथर २:१२)।

यसका पृष्ठहरूबाट “परमेश्वरका आज्ञाहरूको पालना गर्नेहरूलाई प्राप्त हुने” “कहिल्यै अन्त्य नहुने खुशीका बारेको प्रतिज्ञा प्राप्त हुन्छ। हेर, तिनीहरू सबै कुराहरूमा आशीषित छन्, दुबै भौतिक र आत्मिक” (मोसाया २:४१)।

यसका पृष्ठहरूबाट “उहाँका हातहरूका औजार(हरू)” बनेर उहाँका बहुमूल्य छोरा र छोरीहरूलाई मुक्ति दिलाउन सहयोगी बन्नेहरूलाई प्राप्त हुने “अतुलनीय खुशी” प्रतिज्ञा आउँछ (आल्मा २८:८; २९:९)।

यसका पृष्ठहरूबाट–हामी संलग्न भएको महान् विश्वव्यापी कार्य धर्मप्रचारको प्रयासबाट इस्राएलीहरू एकतृत हुनेछन् भन्ने प्रतिज्ञा प्राप्त हुन्छ (हेर्नुहोस् ३ निफाई १६; २१–२२)।

यसका पृष्ठहरूबाट यदि हामीले येशू ख्रीष्टको पवित्र नामबाट स्वर्गीय पिताको प्रार्थना गऱ्यौँ भने हाम्रा परिवारहरू आशीषित हुनेछन् (हेर्नुहोस् ३ निपाई १८:२१)।

यसका पृष्ठहरूको अध्ययनबाट अगमवक्ताको प्रतिज्ञाको पूर्णता आउँछ “तपाईँको जीवन र घरमा परमप्रभुको आत्माको मापन थपिने छ, उहाँका आज्ञाहरूप्रति आज्ञाकारी बनेर हिँड्ने प्रतिवद्धता र परमेश्वरका पुत्रको जीवित वास्तविकताको मजबुत गवाही आउनेछ ”।[1]

मरमनको पुस्तकको पृष्ठमा रहेका मोरोनाईको प्रतिज्ञाहरूमा उल्लेख भए अनुसार प्रार्थना, वास्तविक चाहना र ख्रीष्टमा आस्थाका कारण हामीले “पवित्र आत्माको माध्यमबाट” यी प्रतिज्ञाहरूको सत्यताका बारेमा जानकारी पाउछौँ (हेर्नुहोस् मोरोनाई १०:४–५)।

अन्य पछिल्ला दिनका अगमवक्ताहरूले जस्तै म “संसारका अन्य कुनै पुस्तकभन्दा सही” मरमनको

पुस्तक, येशू ख्रीष्टको अर्को गवाहीको सत्यताका बारेमा प्रमाणित गर्छु । यसको सन्देश संसारभरी फैलिएको छ र यसका पाठकहरूलाई सत्यको ज्ञानसम्म पुऱ्याउँछ । यो मेरो गवाही छ कि मरमनको पुस्तकले जीवन नै परिवर्तन गर्छ । हामी यसलाई अध्ययन र पुनर्अध्ययन गर्न सकौं । अनि हामी खुशी बनेर परमेश्वरका सन्ततीहरूलाई  यसका बहुमूल्य आशीषहरू बारेको हाम्रो गवाही बाढ्न सकौं ।

सूचीहरू

१

गोर्डन बी. हिङ्क्ली, "जीवित र सत्यको एक गवाही" *Liahona* अगस्ट, २००५, ६ ।

२

*Teachings of Presidents of the Church: Joseph Smith* (२००७), ६४ ।

यो सन्देशबाट सिकाउने

धर्मशास्त्रहरूमा "हामीले हरेक द्विविधा, समस्या र मानव परिवारले गरेका तिक्त अनुभवहरूलाई समाधान गर्ने सत्यका सिद्धान्तहरू पाउँछौं" (*Teaching, No Greater Call* (१९९९), ५१) । तपाइँले परिवारलाई अध्यक्ष मनसनको सन्देश बाड्दा तिनीहरूलाई उहाँले मरमनको पुस्तकमा पहिचान गर्नुभएका "बहुमूल्य प्रतिज्ञा" का बारेमा सुन्न आमन्त्रण गर्नुहोस् । तपाइँ आफूलाई अर्थपूर्ण लागिको मरमनको पुस्तकको कुनै एक प्रतिज्ञा बाढ्न सक्नुहुन्छ ।

© 2011 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१० । अनुवाद अनुमोदनः ६/१० । First Presidency Message, September 2011 को अनुवाद । भाषाः Nepali. 09770-372

यदि हामीले शङ्का गरेनौँ भने

मातृत्व

मरमनको पुस्तक

करारहरू

भेटगर्ने शिक्षिकाको सन्देश

भेटगर्ने शिक्षिकाको सन्देश, अक्टोवर २०११

यदि हामीले शङ्का गरेनौँ भने

जुली बी. बेक, रिलिफ सोसाइटी साधारण अध्यक्ष

यो पाठ्यसामग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल

गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीवनको एक सक्रिय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् ।

आस्था • परिवार • सहायता

मरमनको पुस्तकमा हामी उदाहरणीय जवान मानिसहरू जो अत्यन्तै दढृ, सहासी र बलवान थिए, का बारेमा पढ्छौं । “हो, तिनीहरू सत्य र अनुशासित मानिसहरू थिए, किनकि तिनीहरूलाई परमेश्वरका आज्ञाहरूको पालना गर्न र उहाँसामु उपयुक्त रूपमा हिँड्न सिकाइएको थियो” (आल्मा ५३:२१) । यी आस्थावान् जवानहरूले तिनीहरूका आमाहरूको भावना–उदाहरण र शिक्षाहरूको मूल्य चुकाएका थिए ।

हिलमनका योद्धाहरूका आमाहरू हाम्रो आफ्नै भन्दा भिन्न समयमा जिए । तिनीहरूको परिस्थिति कठीन र खतरा थियो र जवानहरू भौतिक र आत्मिक स्वतन्त्रताका विरूद्ध भएका क्रियाकलापको प्रतिरोध गर्नका लागि बोलाइएका थिए । आज हामी त्यस्तो विश्वमा जिउछौं जहाँ हामी “मासु र रगतका विरूद्धमा नभई सैद्धान्तिकता, शक्ति, यस विश्वका अन्धकारपूर्ण नियमहरू, उच्च स्थानमा रहेका आत्मिक कमजोरीमा विरूद्ध लड्छौं” (एफिसि ६:१२) ।

हिलमनका योद्धाहरूले बुझेका सत्यलाई सिकाउने दृढ अभिभावकहरू र उदाहरणीय व्यक्तिहरूका लागि चुनौतीपूर्ण समयले अगाडि बढाउँछ: “यदि तिनीहरूले शङ्का गरेनन् भने परमेश्वरले तिनीहरूलाई स्वन्त्र दिलाउनुहुनेछ” (आल्मा ५६:४७) । आज यी सत्यलाई सिकाउन र उदाहरणीय रूपमा प्रस्तुत गर्नका लागि दूर दृष्टिको आवश्यकता छ । जेभए तापनि, हामी त्रसित बन्नु आवश्यक छैन । जब हामीलाई हामी को हौं र परमेश्वर को हुनुहुन्छ अनि हामीले उहाँसँग करार गरेका छौं भनेर थाहा हुन्छ हामीसँग पनि–यी योद्धाका आमाहरूले जस्तै–असलका लागि महान् प्रभाव हुनेछ ।

त्यसरी नै हिलमनका २०६० मध्येका प्रत्येक योद्धाहरू आमाद्वारा प्रभावित थिए । तरपनि यी आमाहरूले एक्लै कार्य गरेनन् । यी आमाहरूले करारको शक्तिका बारेमा सिकाउनका लागि अन्य धार्मिक पुरूष र महिलाहरूसँगै तिनीहरूको आस्था र उदाहरणलाई सङ्गठित पारेको हुनुपर्छ । ती दिनका जवान मानिसहरूले तिनीहरूका अभिभावकहरूले गरेका करारहरू युद्धमा आवद्ध हुनका लागि होइन भनेर बुझे । अनि असम्भव देखिँदाको अवस्थामा पनि, प्रिय स्वर्गीय पिताले तिनीहरूका करार पालना गर्न–र तिनीहरूको स्वतन्त्रताको सुरक्षा गर्न यी अभिभावकहरूका लागि मार्ग खुला गरिदिनुभयो (हेर्नुहोस् आल्मा ५६:५–९) । हामीले पनि त्यसरी नै हाम्रा करारहरूको पालना गर्नुपर्छ ताकि केटाकेटी र जवान–हाम्रा आफ्नै छोराछोरी र हाम्रा वार्डहरू, शाखाहरू, छिमेक र समुदायमा भएका तिनीहरूले करार पालना गर्नेहरूलाई बुझ्नेछन् र सहयोग गर्नेछन् ।

जब हामीहरूले हाम्रा करारहरूको सम्मान गर्छौं स्वर्गीय पिताले हाम्रा लागि बाटो तयार गर्नुहुन्छ । हामी करारहरूको सम्मान गरेर बाँच्नका लागि हौं । हामी सक्छौं, उदाहरणका लागि, प्रार्थना, धर्मशास्त्र अध्ययन, वैधानिक मन्दिर प्रवेशाज्ञा लिने, उपयुक्त पहिरन, विश्रामको दिनलाई सम्मान गर्ने जस्ता कुराहरूलाई हामी सम्वेदनशील रूपमा लिन्छौं । यदि हामीले त्यसो गर्‍यौं भने हाम्रा केटाकेटीहरूले

जान्ने छन् र भन्न सक्नेछन्, “हाम्री आमालाई यो कुरा थाहा थियो भनेर हामी शङ्का गर्दैनौँ” -आल्मा ५६:४८) ।

पछिल्ला दिनका सन्त महिलाहरू जसले तिनीहरूको शक्ति परमप्रभुको प्रयाचित्तबाट आएको हो भनेर चिन्छन् उनीहरू कठीन र हतोत्साही समयमा पनि हरेस खाँदैनन् । करारहरूको पालना गर्ने व्यक्तिका रूपमा हामीले हाम्रा केटाकेटी र जवानलाई प्रोत्साहन पोषण र संरक्षण गर्ने कुरामा अग्रसर हुन्छौँ ताकि एक दिन हामीले हुर्किरहेका यी पुस्तालाई “मैले तिमीलाई सबैका बीचमा यतिसहासी कहिल्यै देखेको थिइन” (आत्मा ५६:४५) ।

धर्मशास्त्रहरूबाट

आल्मा ५३; ५६-५

मैले के गर्न सक्छु ?

१

मैले आफ्ना दिदीबहिनीहरूलाई पूर्खाहरू हुर्काउने कुरामा तिनीहरूसँग भएको प्रभावलाई चिन्न र त्यो शक्तिका आधारमा कार्य गर्नका लागि सहयोग गर्न सक्छु ?

२

आज मैले भोगेका चुनौतीहरूको उत्तरमा मैले मरमनको पुस्तकमा के प्रेरणा प्राप्त गर्छु ?

थप जानकारीका लागि, www.reliefsociety.lds.org. मा हेर्नुहोस् ।

© 2011 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१० । अनुवाद अनुमोदनः ६/१० । Visiting Teaching Message, October 2011 को अनुवाद । भाषाः Nepali. 09770-372